"शिक्षा स्वास्थ्य पर्यटन र व्यापारिक पूर्वाधार; बहुसाँस्कृतिक आवासीय समृद्ध सहर"

# धरान उपमहानगरपालिका

## DHARAN SUB-METROPOLITAN CITY

### नगर कार्यपालिकाको कार्यालय

OFFICE OF THE MUNICIPAL EXECUTIVE

धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल

Dharan, Sunsari, Province No. 1, Nepal

(भवन नक्सापास शाखा)

प.सं.: १।३।०७८।७९

च.नं.: १२५६

**विषय:– स्टिल स्ट्रक्चरको भवन निर्माण सम्बन्धि सुचना ।**

धरान उप महानगरपालिकामा बसोबास गर्ने नगरबासीहरुले स्टिल स्ट्रक्चरका (फलामका पिल्लर,डण्डी राखी सिमेन्टवोर्ड, जस्तापाता प्रयोग गरी) भवन निर्माण गर्दा अनिवार्य रुपमा नक्सा बनाई धरान उप महानगरपालिकाबाट ईजाजत लिएर मात्र भवन निर्माण गर्न नगरबासीहरुलाई जानकारी गराउने र स्टिल स्ट्रक्चरका भवन निर्माण गर्न नक्सा बनाउन र ईजाजत लिन कम राजस्व लाग्ने र सुरक्षित गुणस्तरी भवन निर्माण हुने हुदा अनिवार्य रुपमा नक्सापास गरेर मात्र भवन निर्माण गर्न प्रोत्साहन गर्ने निती धरान उप महानगरपालिकाको रहेको हुदा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार भवन निर्माणको ईजाजत लिएर मात्र स्टिल स्ट्रक्चरका भवन निर्माण गर्न निर्माण व्यवसायी तथा नगरबासीहरुमा हार्दिक अनुरोध गरिन्छ । साथै यस अघि बनेका त्स्ता प्रकृतीका भवनहरु समेत यो सूचना प्रकासन भएको मितिले १ महिना भित्रमा नक्सापासको दायरामा आउन समेत सबैलाई सूचित गरिन्छ । यो नियम विपरित विना ईजाजत यस्ता भवन वनाईएमा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ७ को दफा ३९ को ४ र ५ अनुसार पाँच लाख सम्म जरीवना गरी भत्काउने र त्यसरी भत्काउदा लाग्ने खर्च स्वयम घर धनीहरुबाट असुल उपर गर्न सक्ने प्रावधान रहेकाले सो ब्यहोरा समेत सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

२०७८।५।२२

गणेशप्रसाद खतिवडा
वरिष्ठ प्रशासकीय अधिकृत

सचिवः 025-520279, कार्यालयः 520109, 520407, 520636, 526493, फ्याक्सः 521991, वारुणयन्त्रः 101, 520199

E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np